रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ रामग्राम, चैत्र १ गते, २०८२ साल संख्या ६

## भाग-२

## रामग्राम नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मिति:** २०८२/१२/०१

**प्रस्तावना:** रामग्राम नगरपालिकाभित्र आवश्यक, प्राथमिकता प्राप्त तथा जनजीवनसँग प्रत्यक्ष सम्बन्धित पूर्वाधारहरूको निर्माण, मर्मत, स्तरोन्नति तथा व्यवस्थापन कार्यलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम यो "रामग्राम नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" जारी गरिएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "रामग्राम नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहनेछ।

ख. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "नगरपालिका" भन्नाले,"रामग्राम नगरपालिका","नवलपरासी पश्चिम, लुम्बिनी प्रदेश, नेपाल" लाई सम्झनु पर्दछ।

ख. "नगर कार्यपालिका" भन्नाले रामग्राम नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

घ. "उपप्रमुख" भन्नाले नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. "कार्यक्रम" भन्नाले आवश्यक पूर्वाधार निर्माण कार्यक्रमलाई सम्झनु पर्दछ।

छ. "पूर्वाधार" भन्नाले सडक, नाली, पुल, कल्भर्ट, खानेपानी, सिंचाइ, विद्यालय भवन, स्वास्थ्य चौकी, सामुदायिक भवन, पार्क, खेलमैदान, विद्युत विस्तार, सार्वजनिक शौचालय लगायत सार्वजनिक उपयोगका संरचनालाई सम्झनु पर्दछ।

ज. ‘‘उपभोक्ता समिति’’ भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको निर्माण कार्य सञ्चालन समिति सम्झनु पर्दछ।

झ. ‘‘लागत अनुमान’’ भन्नाले स्वीकृत दररेट तथा प्राविधिक मापदण्डअनुसार तयार गरिएको लागत विवरण सम्झनु पर्दछ।

ञ. ‘‘प्राविधिक’’ भन्नाले नगरपालिका अन्तर्गत कार्यरत इन्जिनियर, सब–इन्जिनियर वा सम्बन्धित प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ।

च. सम्बन्धीत शाखा भन्नाले प्रशासन योजना तथा अनुगमन शाखालाई सम्झनुपर्दछ।

## परिच्छेद–२
## उद्देश्य तथा प्राथमिकता

**३. उद्देश्य**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क. नगर क्षेत्रभित्र आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्नु।

ख. योजनाहरूलाई व्यवस्थित, पारदर्शी तथा गुणस्तरीय ढंगले सञ्चालन गर्नु।

ग. स्थानीय श्रम, स्रोत र साधनको अधिकतम उपयोग गर्नु।

घ. दिगो तथा वातावरणमैत्री पूर्वाधार विकास गर्नु।

ङ. जनसहभागिता र सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्नु।

**४. प्राथमिकताका आधारहरू**

पूर्वाधार छनोट गर्दा देहायका आधारहरूलाई प्राथमिकता दिइनेछः

क. अत्यावश्यक तथा जनजीवनसँग प्रत्यक्ष सम्बन्धित योजना।

ख. विपद् जोखिम न्यूनीकरणमा सहयोग पुग्ने योजना।

ग. शिक्षा, स्वास्थ्य, कृषि तथा यातायातसँग सम्बन्धित योजना।

घ . पिछडिएको क्षेत्र र विपन्न समुदायलाई लाभ पुग्ने योजना।

ङ. अधुरा तथा बहुवर्षीय योजनाको सम्पन्नता।

च. वातावरण संरक्षण र जलवायु अनुकूल योजना।

## परिच्छेद–३
## योजना छनोट तथा स्वीकृति प्रक्रिया

**५. योजना प्रस्ताव**

क. वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता समूह, टोल विकास संस्था तथा सरोकारवाला निकायबाट योजना प्रस्ताव पेश गर्न सकिनेछ।

ख. योजना प्रस्तावमा देहायका विवरण खुलाउनुपर्नेछः

i. योजनाको नाम:
ii. स्थान:
iii. उद्देश्य:
iv. अनुमानित लागत:
v. लाभान्वित जनसंख्या:
vi. अपेक्षित प्रतिफल:

६. योजना छनोट समिति

क. योजना छनोट तथा सिफारिसका लागि देहाय बमोजिम समिति रहनेछः

i. नगर प्रमुख — संयोजक
ii. नगर प्रमुखले तोकेको १ जना वडा अध्यक्ष — सदस्य
iii. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
iv. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य
v. प्राविधिक शाखा प्रमुख — सदस्य सचिव

ख. समितिले योजनाको आवश्यकता, सम्भाव्यता, लागत र प्रभावका आधारमा प्राथमिकता निर्धारण गर्नेछ।

ग. समितिले सभाबाट स्वीकृत बजेटलाई कानुन बमोजिम विभिन्न प्रस्तावित आयोजनामा वितरण गर्न सक्नेछ।

**७. योजना स्वीकृति**

क. समितिबाट छनोट भएका योजनाहरू नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरि कार्यान्वयन गरिनेछ।

ख. कार्यक्रम स्वीकृत गर्दा नगर सभा बाट विनीयोजित बजेटको सिमा बाहिर गई स्वीकृत गरिने छैन।

## परिच्छेद–४
## कार्यान्वयन प्रक्रिया

**८. कार्यान्वयन विधि**

योजनाको प्रकृति, लागत र जटिलताको आधारमा देहाय बमोजिम कार्यान्वयन गरिनेछः

क. उपभोक्ता समिति मार्फत

ख. बोलपत्र प्रक्रिया मार्फत

ग. दरभाउपत्र मार्फत

घ. सोझै खरिद (प्रचलित कानुन बमोजिम)

९. उपभोक्ता समिति गठन

क. उपभोक्ता समिति गठन गर्दा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

ख. समितिमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

ग. समिति गठन खुला भेलाबाट गरिनेछ।

**१०. सम्झौता**

क. योजना कार्यान्वयन अघि नगरपालिका र कार्यान्वयन निकायबीच सम्झौता गरिनेछ।

ख. सम्झौतामा देहायका विषय उल्लेख गरिनेछः

i. कार्य विवरण
ii. लागत रकम
iii. कार्य सम्पन्न गर्ने अवधि
iv. गुणस्तर मापदण्ड
v. भुक्तानी प्रक्रिया
vi. दायित्व तथा जिम्मेवारी

**११. लागत अनुमान तथा डिजाइन**

क. सबै योजनाको स्वीकृत लागत अनुमान तथा आवश्यक डिजाइन तयार गरिनेछ।

ख. लागत अनुमान प्रचलित सरकारी दररेट अनुसार तयार गरिनेछ।

**१२. वातावरण तथा सुरक्षा**

क. निर्माण कार्य गर्दा वातावरणीय प्रभाव न्यूनीकरणका उपाय अपनाउनुपर्नेछ।

ख. निर्माणस्थलमा आवश्यक सुरक्षा व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

## परिच्छेद–५
## अनुगमन तथा गुणस्तर नियन्त्रण

**१३. अनुगमन समिति**

क. योजनाको अनुगमनका लागि देहाय बमोजिम समिति रहनेछः

i. नगर उपप्रमुख — संयोजक
ii. सम्बन्धित वडा अध्यक्ष — सदस्य
iii. नगर कार्यपालिका सदस्य — सदस्य
iv. प्राविधिक प्रतिनिधि — सदस्य
v. योजना शाखा प्रतिनिधि — सदस्य सचिव

**१४. अनुगमन प्रक्रिया**

क. योजनाको नियमित स्थलगत अनुगमन गरिनेछ।

ख. आवश्यकता अनुसार प्राविधिक परीक्षण गरिनेछ।

ग. अनुगमन प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिनेछ।

**१५. गुणस्तर नियन्त्रण**

क. निर्माण सामग्री तोकिएको मापदण्डअनुसारको हुनुपर्नेछ।

ख. गुणस्तरहीन कार्य भेटिएमा सुधार गर्न निर्देशन दिइनेछ।

ग. आवश्यक परेमा भुक्तानी रोक्का गर्न सकिनेछ।

## परिच्छेद–६
## भुक्तानी तथा लेखा व्यवस्थापन

**१६. भुक्तानी प्रक्रिया**

क. कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तथा प्राविधिक सिफारिसको आधारमा भुक्तानी गरिनेछ।

ख. उपभोक्ता समितिलाई भुक्तानी बैंक खातामार्फत गरिनेछ।

ग. प्रचलित कर तथा कट्टी रकम नियमानुसार कट्टा गरिनेछ।

**१७. पेश्की व्यवस्था**

क. सम्झौता अनुसार आवश्यक परेमा पेश्की प्रचलित कानुमा व्यवस्था भएबमोजिम उपलब्ध गराउन सकिनेछ।

ख. पेश्की फछ्र्यौट प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

**१८. लेखा तथा अभिलेख**

क. प्रत्येक योजनाको छुट्टै अभिलेख राखिनेछ।

ख. वित्तीय कारोबार पारदर्शी र लेखापरीक्षण योग्य हुनुपर्नेछ।

## परिच्छेद–७
## सामाजिक उत्तरदायित्व तथा पारदर्शिता

**१९. सार्वजनिक सुनुवाइ**

क. आवश्यकताअनुसार योजना सम्बन्धी सार्वजनिक सुनुवाइ गर्न सकिनेछ।

ख. योजना सम्पन्न भएपछि सार्वजनिक जानकारी गराउनुपर्नेछ।

**२०. सूचना प्रकाशन**

क. स्वीकृत योजना, लागत, प्रगति तथा भुक्तानी विवरण सार्वजनिक गरिनेछ।

ख. सूचना पाटी, वेबसाइट तथा अन्य माध्यमबाट सूचना प्रकाशन गर्न सकिनेछ।

## परिच्छेद–८
## दण्ड, सजाय तथा विवाद समाधान

**२१. अनियमितता भएमा कारबाही**

क. कार्यमा लापरवाही, अनियमितता वा भ्रष्टाचार भएमा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

ख. गुणस्तरहीन कार्य गर्ने निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई कालोसूचीमा राख्न सिफारिस गर्न सकिनेछ।

**२२. विवाद समाधान**

क. योजनासम्बन्धी विवाद आपसी सहमतिबाट समाधान गर्ने प्रयास गरिनेछ।

ख. समाधान हुन नसकेमा नगर कार्यपालिकाले निर्णय गर्नेछ।

## परिच्छेद–९
## विविध

**२३. समन्वय**

कार्यक्रम कार्यान्वयनका क्रममा संघ, प्रदेश, वडा कार्यालय तथा अन्य निकायसँग आवश्यक समन्वय गरिनेछ।

**२४. बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**२५. संशोधन**

यस कार्यविधिमा आवश्यक संशोधन नगर कार्यपालिकाले गर्न सक्नेछ।

**२६. खारेजी तथा बचाउ**

क. यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ।

ख. यस कार्यविधिअघि भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८२/१२/०१

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत